१५. प्रतिवाद पेश गर्नुपर्नेः

(१) प्रतिबादीले दफा २० बमोजिम म्याद वा सूचना प्राप्त भएपछि म्याद वा सूचनामा तोकिएको समयावधि भित्र उजुरी प्रशासक समक्ष आफै वा वारेस मार्फत लिखित प्रतिवाद दर्ता गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखेको भए पनि होस ठेगान नभएको, दीर्घरोगी, जेषठ नागरिक, बिदेशमा रहेको, तत्काल फर्की आउने ठेगाना नभएको, नावालकको हकमा निजको संरक्षकले स्थानिय तहको सिफारिसको आधारमा प्रतिवादी दर्ता गर्न पाउनेछ ।

(३) माथि दफा १ र २ को हकमा बाहेक सुत्केरी, क्रिया बस्नु परेको महिला्पुरुष, दैबी परी वा सवारी साधन अवरोध हुन गई म्याद भित्र प्रतिवाद साथ दर्ता गर्न अवरोध भएमा देहाय बमोजिम म्याद भित्र प्रतिवादी दर्ता गर्न पाउनेछ ।

क) क्रिया भुक्तान भएको मितिले सात दिन भित्र

ख) सुत्केरीको हकमा पैतिस दिन भित्र

ग) दैबी परी यातायात खुलेको मितिले सात दिन भित्र

घ) यातायात सवारी साधन बन्द भई खुलेको मितिले सात दिन भित्र

४) उपदफा १ बमोजिम प्रतिवाद पेश गर्दा प्रतिबादीले भएको प्रमाण तथा कागजातका प्रतिलिपि बादीले फिराद र प्रतिवाद साथ संलग्न गरी पेश गर्नुपर्नेछ, प्रतिवाद दर्ता गर्दा लेखिने ब्यहोरा सभ्य र शिष्ट भाषामा हुनुपर्नेछ ।

(३) प्रतिवादीले लिखित ब्यहोरा दिँदा अनुसूची(५ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।

१६. प्रतिवाद जाँच गर्नेः

(१) उजुरी प्रशासकले दफा १५ बमोजिम पेश भएको प्रतिवाद जाँच गरी कानून बमोजिमको रित पुगेको तथा म्याद भित्र पेश भएको देखिए दर्ता गरी समिति समक्ष पेश हुने गरी मिसिल सामेल गर्नुपर्नेछ ।

२) विवादका पक्षहरूले मिलापत्रको लागि अनुसूची-९ बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिएमा समितिले मिलापत्र गराउन उपयुक्त देखेमा मिलापत्रका लागि आदेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्षहरूले दिएको निवेदनको व्यहोरा समितिले दुवै पक्षलाई सुनाई त्यसको परिणाम सम्झाई बुझाई पक्षहरूले मिलापत्र गर्ने व्यहोरा सम्बन्धमा सोधपुछ गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुनाउँदा पक्षहरूले मिलापत्र गर्न मञ्जुर गरेमा समितिले पक्षहरूको निवेदनमा उल्लेख भएको व्यहोरा बमोजिमको मिलापत्रको तीन प्रति तयार गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मिलापत्रको व्यहोरा पक्षहरूलाई पढीबाँची सुनाई मिलापत्र गर्न मञ्जुर गरेमा पक्षहरूको सहिछाप गराई समितिका सदस्यहरूले मिलापत्र कागज अनुसूची-१० बमोजिमको ढाँचामा प्रमाणित गरी एक प्रति समितिले अभिलेखको लागि मिसिलमा राख्नु पर्नेछ । एक(एक प्रति बादी तथा प्रतिबादीलाई दिनु पर्नेछ ।

५४. **मेलमिलाप गराउन सक्नेः**

(१) समितिले प्रचलित कानून बमोजिम मिलापत्र गर्न मिल्ने उजुरीमा पक्षहरूबीच मेलमिलाप गराउन सक्नेछ । स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा २ अन्तर्गतका विवादहरुको मेलमिलापको माध्यमद्धारा निरुपण गर्ने अधिकार समितिलाई हुनेछ ।

(२) पक्षहरूले जुनसुकै तहमा विचाराधीन रहेको प्रचलित कानूनले मेलमिलापको माध्यमबाट समाधान गर्न सकिने विवादमा विवादका पक्षले संयुक्त रूपमा समिति समक्ष निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदनमा मेलमिलापबाट उजुरीको निरोपण हुन उपयुक्त देखिएमा समितिले त्यस्तो उजुरी मेलमिलापको माध्यमबाट निरोपण गर्न लेखि पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तारेखको दिन समितिले विवादका पक्ष तथा विपक्ष, उपस्थित भएसम्म पक्षले बिश्वास गरेका तथा पतयाएका व्यक्ति समेत उपस्थित गराई मेलमिलापको लागि छलफल गराई पक्षहरूको बीचमा सहमति भएमा सहमति भए बमोजिम मिलापत्र कागज तयार गर्न लगाई मिलापत्र गराई दिनु पर्नेछ ।

(३) उजुरीमा तोकिएको तारेखमा समिति समक्ष उपस्थित नभएको वा उपस्थित भएर पनि तारेख गुजारी बसेको पक्ष अथवा विवादमा पक्ष कायम नभएको भए तापनि विवादको पेटबोलीबाट उजुरीको पक्ष कायम हुने देखिएको व्यक्ति समेत मेलमिलापको लागि उपस्थित भएमा समितिले मेलमिलाप गराई मिलापत्रको कागज गराई दिनु पर्नेछ ।

(४) समितिले मेलमिलापका लागि कुनै तहमा मेलमिलाप केन्द्रको रुपमा मुकाम तोकी निवेदन लिने ,मेलमिलापको प्रक्रिया अगाडी बढाउने कार्य गर्न सक्नेछ ।

(५) समितिले मेलमिलाप प्रयोजन वा विवादको निरुपण गर्ने कार्यको लागि उचित सल्लाह र परामर्श लिन कानूनी विज्ञ नियुक्ति गर्न सक्नेँछ ।

**५८. प्रारम्भिक सुनवाई पूर्व मेलमिलापः**

(१) उजुरी प्रशासकले प्रारम्भिक सुनवाईको लागि समिति समक्ष उजुरी पेश हुनु पूर्व उजुरीमा मेलमिलाप हुनसक्ने अवस्था देखिएमा वा पक्षहरूले सो व्यहोराको निवेदन लिई आएमा मिलापत्रको व्यहोरा खुलेको कागज तयार गरी समिति समक्ष पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मिलापत्रमा अन्तिम सहमति नजुटेको भए तापनि पक्षहरू मेलमिलापको लागि प्रक्रियामा जान सहमत भएमा उजुरी प्रशासकले पक्षहरूको निवेदन लिई मेलमिलापको लागि

